काठमाडौं, नेपाल

**प्रधानमन्त्री**

## लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा आह्वान

प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १०, सम्म विश्वभर लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउने गरिएको छ। नेपाल सरकारको मिति २०७५/७/२९ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार हरेक वर्ष नोभेम्बर २५ तारिखमा महिला हिंसा विरुद्धको राष्ट्रिय अभियान दिवसको रूपमा विभिन्न कार्यक्रमको साथ मनाउने गरिएको छ। संयुक्त राष्ट्र सङ्घले यस वर्ष **"UNITE TO END DIGITAL VIOLENCE AGAINST ALL WOMEN AND GIRLS"** अन्तर्राष्ट्रिय नाराका साथ यो अभियान मनाउने सन्दर्भमा नेपालमा **"प्रविधिको सही प्रयोग गरौं: लैङ्गिक हिंसा अन्त्य गरौं"** भन्ने राष्ट्रिय नाराका साथ देशभर विभिन्न कार्यक्रमको आयोजना गरी हामी यो अभियान सञ्चालन गर्दैछौं। यस अवसरमा लैङ्गिक हिंसा विरुद्धको अभियानमा संलग्न सबै अधिकारकर्मी, सङ्घ-संस्था, दिदी-बहिनी एवम् दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालको संविधानले सबै किसिमको विभेद, शोषण र अन्यायको अन्त्य गर्दै सभ्य र समतामूलक समाजको निर्माण गर्ने कुरालाई उच्च प्राथमिकता दिएको छ। समाजमा लिङ्गका आधारमा गरिने विभेद तथा छाउपडी, दाइजोप्रथा, बालविवाहलगायतका सबै किसिमका हानिकारक अभ्यास, प्रथा र प्रचलन अन्त्य गर्दै सभ्य, शिष्ट र शोषणरहित समाजको निर्माणमा जुट्नु हामी सबैको साझा दायित्व हो। यस अवसरमा म लैङ्गिक हिंसा विरुद्धको अभियानमा निरन्तर रूपमा क्रियाशील सरकारी निकाय, गैर सरकारी संस्था, नागरिक समाजलगायतका सम्पूर्ण अधिकारकर्मी एवम् अभियन्ताहरूको प्रयासको प्रशंसा गर्दै आगामी दिनमा पनि लैङ्गिक हिंसामुक्त समाज निर्माण गर्ने अभियानमा सबै सरोकारवालाहरूको सक्रिय सहभागिता र योगदानको लागि हार्दिक आग्रह गर्न चाहन्छु।

हामीले व्यक्ति, समाज र सिंगो राष्ट्रलाई लैङ्गिक हिंसामुक्त बनाउँदै सभ्य र सुसंस्कारयुक्त जगमा उभ्याउनुपर्ने छ। कतिपय गलत अभ्यास र दुःखद् घटनाका कारण बन्ने नकारात्मक छविप्रति सजग हुँदै हिंसाका सबै कारकतत्वहरूलाई निर्मूल पार्नुपर्ने छ। यस अभियानको उद्देश्य लैङ्गिकताका आधारमा हुने सबै प्रकारका हिंसा, नयाँ स्वरुपमा देखिएका प्रविधिको माध्यमबाट हुने हिंसा, विभेद, कुरीति, अन्धविश्वास अपराध, बहिष्करण र वञ्चितिकरणलाई अन्त्य गर्दै महिला र पुरुषविच हुने सबै किसिमका विभेद र असमानता हटाउनु हो। लैङ्गिक हिंसारहित, समतामूलक समाज निर्माण गर्न यो अभियान कोशेढुङ्गा सावित हुनेछ भन्ने विश्वास लिएको छु।

सङ्घीय संरचनाअनुसार तीनै तहका सरकारमा लैङ्गिक हिंसा विरुद्धका कानूनी तथा संस्थागत व्यवस्थालाई आन्तरिकीकरण र संस्थागत गरी संवेदनशील एवम् महत्त्वका साथ अगाडी बढाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू, नागरिक समाज, राजनीतिककर्मी, अभियन्ताहरू, सञ्चारकर्मी, व्यक्ति, परिवार र समाज सबैमा ऐक्यबद्धताको लागि आह्वान गर्दछु।

सुशीला कार्की

९ मङ्सिर, २०८२

ने.सं.११४६ थिंलाथ्वः ५, मंगलबार

Scanned with CamScanner